प्रशासकीय अधिकृत

# जिल्ला प्रशासन कार्यालय, सप्तरीको अत्यन्त जरुरी सूचना

यस जिल्ला भित्र सशस्त्र द्वन्द्वका क्रममा मृत्यू, वेपत्ता तथा विस्थापित भई कार्यदलमा नाम समावेश भएका मृतक र वेपत्ता व्यक्तिहरुको हकमा निजको नजिकको हकदारले तथा विस्थापित व्यक्तिहरुको हकमा विस्थापित व्यक्तिहरुले यस कार्यालयमा मिति २०७५/०३/१५ गते देखि मिति २०७५/०३/२५ गते भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित उपस्थित भई राहत रकम बुझिलिनु हुन सूचित गरिन्छ । उल्लेखित समयभित्र रकम बुझि नलिएमा यस वर्षको रकम फ्रिज भएर जाने व्यहोरा समेत सूचित गरिएको छ ।

**तपशिल :**

## १. मृतक र बेपत्ताको हकमा

क) मृतक सँगको नाता प्रमाणित थान-१(हालसालैको)

ख) नागरिकताको प्रतिलिपी थान-१

ग) वाणिज्य बैंकमा रहेको खाता नं. खुलेको कागजातको प्रतिलिपी थान-१

घ) नजिकको हकदारको फोटो थान-१

## २. विस्थापितको हकमा

क) नागरिकताको प्रतिलिपी थान-१

ख) कार्यदलमा उल्लेख भएको पारिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपी र फोटो एक एक थान-१

ग) नागरिकता नभएको अवस्थामा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी थान-१